# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

केन्द्रीय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ भदौ १ गते

सम्पादक गोपाल वुढाथोकीको घरमा खानतलासी गर्ने कार्यप्रति आयोगको ध्यानाकर्षण ।

समाचार प्रकाशितको विषयलाई लिएर साँघु पत्रिकाका सम्पादक गोपाल वुढाथोकीको घरमा प्रहरी प्रशासनबाट जवरजस्ती खानतलासी गरी परिवारका सदस्यहरुलाई समेत मानसिक पीडा दिने, भयभित पार्ने कार्यप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

समाचार लेखेकै आधारमा कसैलाई पनि पक्राउ गर्ने अधिकार कुनै पनि कानूनले प्रदान नगरेकोले यस्तो कार्य प्रेस स्वतन्त्रता, संवैधानिक मूल्य र मान्यता तथा लोकतान्त्रिक परिपाटीको मर्म र भावना विपरीत देखिन्छ ।

यस्तो अवस्थामा व्यक्तिगत आचारणको विषयलाई सार्वजनिक विषय बनाई गलत कानून र क्षेत्राधिकार प्रयोग गरी कुनै पनि कार्य गर्न, नगराउन आयोग सरकार लगायत प्रहरी प्रशासनलाई स्मरण गराउदछ ।

सम्पादक वुढाथोकी विरुद्ध चालिएको कदमले व्यक्तिगत सुरक्षा, गोपनीयता, मानवीय मर्यादाको सम्मान नगरिएको देखिदा त्यस्तो कार्य नगर्न आयोग सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदछ ।

यस विषयमा आयोगले आजै नेपाल प्रहरीलाई लिखित जानकारी माग गरी पत्राचार समेत गरेको छ ।

मोहना अन्सारी

सदस्य तथा प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org